SWIS-H
STATEWIDE INFANT SCREENING - HEARING



# मेरो बच्चालाई किन नैदानिक परिक्षणको आवश्यक छ?

यदि तपाईंको बच्चाको पहिलो दुई परिक्षणमा स्पष्ट परिणाम प्राप्त भएन भने, तिनीहरूको एक निदान मूल्यांकनको आवश्यकता हुनेछ।

यसको लागि त्यहाँ बिभिन्न कारणहरु हुन सक्छ।

यो पनि हुन सक्छ कि:

- त्यहाँ तरल पदार्थ थियो वा जन्म पछि आफ्नो बच्चाको कान बन्द भएको पनि हुन सक्दछ
- तपाईको आफ्नो बच्चाको केहि हद सम्म सुनवाई हानि भएको पनि हुन सक्छ

यो यथा शिघ्र तपाईं र तपाईंको बच्चाको लागि सही सल्लाह र सहयोग प्राप्त गर्न सक्छन् भनेर आफ्नो बच्चाले कत्तिको सुन्छ राम्रो संग पत्ता लगाउन महत्त्वपूर्ण हुन्छ।

यदि तपाईं उल्लेख गरिएको बाट अस्पताल १०० कि.मी. भन्दा टाढा बस्नु हुन्छ भने, तपाईंले यस पुस्तिका दिनु भएको व्यक्ति संग SWIS-H को यात्रा सहायता योजना बारे जानकारी को लागि सोध्नुहोला।

## निदान मूल्यांकनमा के हुनेछ?

तपाईको आफ्नो बच्चाले कत्तिको सुन्छ भन्ने बारेमा विस्तृत जानकारी दिने बिभिन्न परीक्षणहरु गरिनेछ।

ओडियोलजस्ट, जो सुन्ने परीक्षणको एक विशेषज्ञ हो उहाँले परिक्षण पूरा गर्नुहुनेछ। यो मूल्यांकन नि: शुल्क हो।

यि कुनै पनि परीक्षणहरुले तपाईको आफ्नो बच्चाहरुलाई चोट हुनेछैन।

## मैले मेरो शिशुको मूल्यांकन को लागि कसरी तयारी गर्ने?

यदि तपाईंको बच्चाको परीक्षणको समयमा सुतेमा सबै भन्दा राम्रो हुनेछ। यसै कारणले गर्दा, तपाईले सुरुमै शिशुलाई बेलैमा खुवाएर र आफ्नो बच्चालाई समएमै सुताउनाले सहयोग पुग्नेछ।

यदि तपाईंको अन्य छोराछोरी छन् भने, तपाईंको घरमा  कसैले हेर्ने व्यवस्था गर्नुहोला, तसर्थ मुल्यांकन भर आफ्नो बच्चा संगै रहिरहन सक्नुहुनेछ। मुल्यांकनको  वातावरण शान्त हुनुपर्छ।

नैदानिक मूल्यांकन परीक्षणमा बिभिन्न परिक्षणहरु समावेश हुने हुनाले, आफ्नो परिक्षणको समय बिहान वा दिउँसो छुट्याइएको बेला अरु केहि पनि नराख्नुहोला। तपाईंले आफुलाई समर्थन गर्ने व्यक्ति पनि ल्याउन सक्नुहुनेछ।

## निदान मुल्यांकन कसरी गरिन्छ?

यो निदान मूल्याङ्कनलाई श्रवण मस्तिश्क प्रतिक्रिया (ABR) परीक्षण भनिन्छ। यि परिक्षण गर्दा प्रयोग गरिने उपकरणहरु शिशुको टाउको मा राखिनेछ। आफ्नो बच्चालाई हेडफोनको माध्यमबाट ध्वनि बजाइन्छ। आवाज प्रती तपाईंको बच्चाको प्रतिक्रियाहरू रेकर्ड हुनेछन्। यी प्रतिक्रियाहरुमा तपाईंको आफ्नो बच्चाले सुन्न सक्ने मधुरो आवाज सुनाईन्छ।

## मूल्यांकन पछि के हुनेछ?

यस श्रव्य विज्ञ(अडियोलोजिष्ट)ले सामान्यतया त्यही दिन परिणाम को सूचित र परिणामको मतलब के हो व्याख्या गर्न सक्षम हुनेछ।

यदि तपाईको आफ्नो बच्चाको सुनवाईमा हानि भएको पाइन्छ भने, तपाईंको शिशुलाई NSW का तीन  NSW छोराछोरीको अस्पताल मध्ये कुनै एकमा विशेषज्ञ सेवा उल्लेख गरिनेछ। रिपोर्ट यी सेवाहरूमा पठाइने। एक प्रतिलिपि तपाईलाई, तपाईं आफ्नो स्थानीय चिकित्सक र आफ्नो सहमति भएको आफ्नो बच्चाको चिकित्सक कहाँ पनि पठाइनेछ। यस श्रव्य विज्ञ (अडियोलोजिष्ट) र सामाजिक कार्यकर्ताहरुले यि सेवाहरु हासिल गर्न सहयोग गर्नेछ र तपाईं र तपाईंको बच्चालाई आवश्यक टेवा प्राप्त गर्न पनि सहायता गर्नेछ।

यदि तपाईको आफ्नो बच्चा सामान्य सुनुवाईका भएको फेला पर्यो तर एक चरण पछि तपाईको आफ्नो बच्चाको श्रवण, बोली वा भाषा विकास प्रती चिन्तित हुनु भएको छ भने, कृपया तपाईको आफ्नो बच्चाको सुनुवाई परिक्षण फेरि गर्ने व्यवस्था गर्नुहोस्।

तपाईको आफ्नो परिवारको डाक्टर संग कुरा सुरु गर्ने एउटा राम्रो ठाँउ हो। सुनवाई परिक्षण कुनै पनि उमेरमा परीक्षण गर्न सकिन्छ।

**थप जानकारीको लागि कृपया तलको वेभसाईटमा हेर्नुहोलाः**

http://www.health.nsw.gov.au/kids-families

स्थानिय सम्पर्क/ भेट्ने विवरणहरु

स्वास्थ्य सेवा परामर्शको लागि *healthdirect Australia* मा सम्पर्क गर्नुहोला।
http://www.healthdirect.gov.au/
**1800 022 222**

NSW GOVERNMENT | Health

© NSW Health September 2016  SHPN (NKF) 150249